मितिः २०८२/०६/२६
समयः बिहान ८.०० बजे
स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको आकस्मिक बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष, वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं. ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं. ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं. १० | |
| १२ | श्री शोभा नेपाली | कार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | कार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | कार्यपालिका सदस्य | कल्पना |
| १५ | श्री हम्जुला राई | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | कार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | कार्यपालिका सदस्य | |
| १९ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

**अन्य उपस्थितीः-**

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | अधिकृतस्तर दशौं | |
| २ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ३ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| ४ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ६ | श्री स्वस्तिका अर्याल | शाखा अधिकृत | |
| ७ | श्री सागर खत्री | कम्प्युटर अपरेटर ५: | |
| ८ | श्री प्रदिप लामिछाने | अधिकृत छैठौं | |
| ९ | | | |

**प्रस्तावः-**

१. मालपोत कार्यालय, कलंकीमा जली नष्ट भएका श्रेस्ता अद्यावधिक लागि वडाबाट गरिने सिफारीस शुल्क सम्बन्धमा ।

२. विविध ।

## निर्णयहरूः-

**निर्णय नं. १**

गत मिति २०८२/०६/२० गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

यही मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा मालपोत कार्यालय, कलंकीमा भएका श्रेष्ता जली नष्ट भएकोले मालपोत कार्यालयबाट हुने जग्गा जमिन खरिद बिक्री लगायत दैनिक रूपमा सम्पादन हुने काम कारवाहीमा समेत समस्या परेकोले पुनः श्रेष्ता अद्यावधिक गर्ने प्रयोजनको लागि आवश्यक कागजातहरूमा वडा कार्यालयको सिफारीस समेत माग भएको हुँदा उल्लेखित प्रयोजनको लागि वडा कार्यालयबाट हुने सिफारीस निःशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यही मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा मालपोत कार्यालय, कलंकीको कार्यालयमा आगजनी भई कार्यालय सामाग्रीहरू जली नष्ट भएकोले उल्लेखित कार्यालयको माग बमोजिम तपसिलमा उल्लेखित सामाग्रीहरू खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

**तपसिलः-**

| सि.नं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | डेक्सटप कम्प्युटर | ८ थान | |
| २ | प्रिन्टर | २ थान | |
| ३ | स्टिल दराज | २ थान | |
| ४ | अफिस टेबल | २ थान | |

**निर्णय नं. ४**

यही मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा नापी कार्यालय, कलंकीको कार्यालयमा आगजनी भई कार्यालय सामाग्रीहरू जली नष्ट भएकोले उल्लेखित कार्यालयको माग बमोजिम तपसिलमा उल्लेखित सामाग्रीहरू खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

**तपसिलः-**

| सि.नं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | डेक्सटप कम्प्युटर | ४ थान | |
| २ | प्रिन्टर | ४ थान | |
| ३ | स्क्यानर | ४ थान | |
| ४ | A3 प्रिन्टर | १ थान | |

**निर्णय नं. ५**

यस नगरपालिकाको कार्य सञ्चालनको लागि तपसिलमा उल्लेखित ऐन/कार्यविधि/नियमावली परित तथा तर्जुमाको गर्ने निर्णय गरियो ।

**तपसिलः-**

| सि.नं. | ऐन/कार्यविधि/नियमावली | कैफियत |
|---|---|---|
| १ | नागार्जुन नगरपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८२ | तर्जुमा गर्ने |
| २ | नागार्जुन नगरपालिकाको विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०८२ | तर्जुमा गर्ने |